# अस्पताल सेवा सुधारको सुरूवात



मा. मन्त्रीज्यूको सचिवालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

संघीय अस्पतालको भिड व्यवस्थापन गर्न तथा सेवाग्राहीलाई सहज र सुलभ सेवा प्रवाहका निम्ति स्वास्थ्य तथा जनसंख्या मन्त्री माननीय प्रदीप पौडेलको उपस्थितिमा २०८१/०४/०३ गते संघीय अस्पताल र प्रतिष्ठानका प्रमुखहरुसँग संयुक्त बैठक बसेर ९ बुँदे निर्णय भएको थियो । उक्त बैठकको निर्णय कार्यान्वयनका लागि मन्त्रालयबाट २०८१/०४/०४ गते पत्राचार भएको थियो ।

उक्त पत्राचारपछि अस्पतालहरुले सेवा प्रभावकारी बनाउन र अस्पतालमा हुने भिडभाडलाई कम गर्न विभिन्न उपायहरु अवलम्बन गर्न थालेका छन् ।



## शुक्रराज ट्रपिकल तथा सरुवा रोग (टेकु अस्पताल), टेकु काठमाडौं




क. ओपीडी सेवा बिहान ९:00 देखि ४:00 बजेसम्म २ सिफ्टमा।

ख. शय्या अभावमा भर्ना नपाउने अवस्थाको अन्त्य।

ग. चिकित्सक अभाव समाधान गर्दै सेवा विस्तार।

घ. स्वास्थ्य बीमा मार्फत् प्राप्त हुने फार्मेसीमा ९० प्रतिशत भन्दा बढी औषधि उपलब्ध।

ङ. भिड व्यवस्थापनका लागि ४ वटा टिकट काउन्टर, टोकन प्रणाली, अनलाइन टिकट, विद्युतीय भुक्तानी।

च. सिफारिसलगायत नियमित कामका लागि अस्पताल प्रमुखलाई पर्खनु नपर्ने व्यवस्था।

छ. विभिन्न ठाउँमा सेवाग्राही मैत्री नक्सा (NAVIGATOR MAP) राखिएको।

ज. २४ घण्टा सोधपुछ/सहायता कक्ष, पिउने पानी, शौचालयको सफाइमा सुधार।



# परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल (थापाथली अस्पताल), थापाथली काठमाडौं



क. जनरल ओपीडी सेवा ९ बजेदेखि ४ बजेसम्म सञ्चालन। अपरेशन सेवा पनि १ घण्टा बढाइ ९ बजेदेखि ४ बजेसम्म।

ख. विस्तारित अस्पताल सेवा अन्तर्गत ओपीडी सेवा ४ बजेदेखि ६ बजेसम्म।

ग. गर्भमा भएको बच्चाको मुटु इकोकार्डियोग्राफी, नवजात शिशु तथा बालरोगको विस्तारित ओपीडी सेवा २०८१ श्रावण २० बाट ४ बजेदेखि ६ बजेसम्म।

घ. चिकित्सकलाई तोकिएको समयमै राउण्ड, बिरामी भर्ना, डिस्चार्ज व्यवस्थापनमा सुधार।

ङ. अपरेशन सेवा बिहान ९ बजेदेखि ४ बजेसम्म: कार्य विभाजन र अपरेशन चेकलिस्ट तयार।

च. आमा सुरक्षा र नवजात शिशु नि:शुल्क उपचार सेवा। औषधिको कमी हुन नदिन कर्मचारीलाई जिम्मा दिइएको।

छ. भीड व्यवस्थापनका लागि ONLINE TICKETING प्रभावकारी, जानकारीमूलक सूचना राखिएको, स्वंसेवक व्यवस्थापन।

ज. अधिकार प्रत्यायोजन उपनिर्देशक र प्रशासन प्रमुखलाई।

झ. बहिरंग र आकस्मिक कक्ष नजिकै वाटर एटिएम र सिसि क्यामेरा थप।

ञ. सोधपुछ/सहायता कक्ष व्यवस्था, गुनासो सुन्ने कार्य प्रभावकारी। सरसफाई चेकलिस्ट र अनुगमन।

ट. अस्पताल सेवा शुल्क र सेवा उपलब्ध स्थानहरूको जानकारीको लागि बडापत्र र NAVIGATION MAP

ठ. ओपीडीमा बिरामीलाई बेन्च थप। सेवासुविधा सम्बन्धी जानकारी बडापत्रमा।



# वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान



क. ओपीडी सेवा बिहान ९:०० देखि ४:०० बजेसम्म।
ख. विस्तारित अस्पताल सेवा (EHS) अन्तर्गत दिउँसो ४:०० बजेदेखि थप सेवाहरू उपलब्ध गराइएको।
ग. विस्तारित अस्पताल सेवा कार्यक्रम (EHS) को कार्यविधि प्रभावकारी बनाइएको।
घ. वार्डमा भर्ना गर्नका लागि उचित व्यवस्थापन।
ङ. भिड व्यवस्थापनका लागि: भर्ना, जाँच, परीक्षण, डिस्चार्जको लागि छुट्टै बिल काउन्टर।
च. रेडियोलोजी सेवाका लागि छुट्टै काउन्टर।
छ. QR SYSTEM मार्फत भुक्तानी। SOPD BILL COUNTER र OPD हरूमा DIGITAL QUEUE SYSTEM / ONLINE OPD CARD REGISTRATION
ज. कार्यालय समय बिहान ८:०० देखि ५:००, तर OPD CARD REGISTRATION बिहान ७:३० देखि सञ्चालन।
झ. ल्याब, रेडियोलोजी सेवाहरू र इमर्जेन्सी २४ घण्टा सञ्चालन। इमर्जेन्सी ल्याबबाट १ घण्टाभित्र रिपोर्ट।
ञ. जनगुनासो र सेवा प्रभावकारी बनाउनका लागि २ जना डेपुटी अस्पताल निर्देशक र १ जना सहायक अस्पताल निर्देशकको व्यवस्था, पर्याप्त जनशक्ति सहितको प्रशासन महाशाखा।
ट. सूचनामूलक सन्देश, भिडियो, फ्लेक्स र NAVIGATION MAP को सुविधा ।
ठ. सोधपुछ काउन्टर, उजुरी पेटिका र गुनासो व्यवस्थापन समिति गठन।
ड. खानेपानी र शौचालयको सफाइमा सुधार।
ढ. इमर्जेन्सी मार्फत भर्ना हुने बिरामीहरूको सहजताको लागि इमर्जेन्सीमै छुट्टै ४० बेडको वार्ड सञ्चालन।
ण. स्वास्थ्य बिमितहरूको लागि औषधि उपलब्ध हुने प्रक्रिया पूरा भई भदौ १ गतेदेखि नियमित हुने।



# भक्तपुर क्यान्सर अस्पताल, दूधपाटी भक्तपुर

क. ओपीडी २ सिफ्टमा र विस्तारित स्वास्थ्य सेवा सुरू।

ख. EHS सेवा थप: सर्जरी र रेडियोलोजी लगायत अन्य विभागमा लागू।

ग. चिकित्सक राउण्ड, बिरामी भर्ना, डिस्चार्जमा तादम्यता।

घ. वेभसाइटमा खाली बेड संख्याबारे जानकारी।

ङ. ५ वटा शल्यक्रिया कक्षमा शल्यक्रिया हुने व्यवस्था।

च. सन्ध्याकालीन ओपीडी प्रारम्भ गर्ने प्रक्रिया अघि बढाइरहेको।

छ. ९० प्रकारका केमोथेरापी औषधि र अन्य औषधि बीमा फार्मेसीमा।

ज. टिकट काउन्टरमा टोकन र QR भुक्तानी प्रणाली लागू।

झ. विभागीय प्रमुखलाई अधिकार प्रत्यायोजन गरिएको ।

ञ. FLEX PRINT र ध्वनी सहितको विद्युतिय NAVIGATOR MAP

ट. सोधपुछ कक्षको व्यवस्था।

ठ. अशक्तको लागि छुट्टै शौचालय र सबैलाई खाने पानी उपलब्ध।







मा. मन्त्रीज्यूको सचिवालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल, चितवन




क. विशेषज्ञ ओपीडी सेवा ९:३० देखि ३:०० बजेसम्म, दुई सिफ्टमा।

ख. जेनरल ओपीडी सेवा बिहान ७:00 देखि ५:00 बजेसम्म।

ग. विस्तारित अस्पताल सेवा थप व्यवस्थित।

घ. चिकित्सक राउन्ड, भर्ना, डिस्चार्ज नियमित, बिहान ९:00-११:00 बजे र ४:00 बजेसम्म डिस्चार्ज गरिने सूचना।

ङ.औषधि फार्मेसीमा ७५ प्रतिशत विमाको औषधि उपलब्ध, २४ घण्टा चल्ने दुईवटा काउन्टर।

च. पाँच ओपीडी काउन्टर रहेकोमा तीन थप गरी आठ वटा काउन्टर सञ्चालनमा ल्याइएको।

छ.अनलाइन र टोकन व्यवस्थापन तयारी।

ज. NAVIGATION MAP र कलर कोडिङ व्यवस्थापन थालिएको।

झ. सोधपुछ, सहायता कक्ष, पिउने पानी, सफा शौचालय, गुनासो अधिकारी, पानी व्यवस्थापक, ४ ठाउँमा पानीको उपलब्धता र शौचालयको सफाइमा सुधार।



# राष्ट्रिय ट्रमा सेन्टर, महांकाल काठमाडौं




**क.** ओपीडी दुई सिफ्टमा: बिहान ८ :३० बजेदेखि ४:३० बजे र EHS OPD अपरान्ह ४:३० बजेदेखि।

**ख.** विस्तारित अस्पताल सेवा कार्यक्रम व्यवस्थित गर्दै लागू भइरहेको।

**ग.** आकस्मिक शल्यक्रिया २४ सै घन्टा, नियमित शल्यक्रियाका लागि भर्ना भएका बिरामीको ७ दिनभित्र र ओपीडी अन्तर्गतका बिरामीको १ महिना भित्रमा शल्यक्रियाको पालो आउने व्यवस्था मिलाइएको।

**घ.** ICU र HDU बेड संख्या विस्तारको तयारी।

**ङ.** स्वास्थ्य बीमा औषधि पर्याप्त, दुई फार्मेसी सञ्चालनमा, ओटी फार्मेसी थप्ने तयारी।

**च.** दुईवटा टिकट काउन्टर, अनलाइन टिकटको व्यवस्था, विद्युतीय भुक्तानी, फार्मेसीमा १५ दिनमा QR लागू गर्ने।

**छ.** NAVIGATOR MAP र स्वयंसेवक परिचालनको तयारी ।

**ज.** सोधपुछ कक्ष, गुनासो व्यवस्थापन, पिउने पानी र शौचालयको सफाइमा सुधार।



## भेरी अस्पताल
## नेपालगन्ज, बाँके




**क.** ओपीडी सेवा बिहान ९:०० देखि ३:०० सम्म।

**ख.** विस्तारित स्वास्थ्य सेवा सञ्चालनका लागि कार्यदल गठन।

**ग.** चिकित्सक राउन्ड, बिरामी भर्ना, डिस्चार्ज समय बीच तारतम्य मिलाइएको।

**घ.** पर्याप्त काउन्टर, विद्युतीय भुक्तानी, अनलाइन टिकट, टोकन प्रणाली व्यावस्थापनमा सुधार।

**ङ.** सेवाग्राही जानकारीका लागि नक्सा (NAVIGATOR MAP)

**च.** शुद्ध खानेपानी, गुनासो सुनुवाइ प्रणाली, शौचालय र सरसफाइको सुधार ।

**छ.** छुट्टै सोधपुछ कक्ष र सहायता कक्ष।



# नारायणी अस्पताल, वीरगञ्ज



क. ओपीडी सेवा बिहान ९:००-२:०० र EHS अन्तर्गत ३:००-५:००।

ख. विस्तारित सेवा अन्तर्गत रेडियोलोजी, दन्त सेवा बाहेक अन्य सेवा विस्तार ।

ग. शय्या र अन्य व्यवस्थापन सुधार: शय्या अभाव समस्याको निराकरण।

घ. आवश्यक युनिट थप्ने, अनावश्यक युनिट हटाउने निर्णय।

ङ. स्वास्थ्य बीमा र फार्मेसी सेवामा पर्याप्त औषधिको उपलब्धता सुनिश्चित।

च. भिड व्यवस्थापनका लागि काउन्टर थप, टोकन प्रणाली, अनलाइन टिकट, विद्युतीय भुक्तानी प्रक्रिया।

छ. अस्पताल प्रमुखका अधिकार विभागीय प्रमुखलाई समेत प्रत्यायोजन।

ज. NAVIGATOR MAP थप गरी व्यवस्थित गरिएको।



## मोनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर




क. ओपीडी टिकट बिहान ११:३० सम्म, दिवा सत्रमा अन्तिम परामर्श।

ख. शल्यक्रिया र उपचारको प्रतीक्षा अवधि १ महिना भन्दा कम।

ग. अनलाइन टिकट मोबाइल एपबाट।

घ. ल्याब रिपोर्ट अनलाइनबाट।

ङ. स्वास्थ्य बीमा सहित सबै औषधि फार्मेसीमा उपलब्ध।

च. बिरामी कुरुवा र आगन्तुकहरूलाई बस्नका लागि व्यवस्थापन।



# कान्ती बाल अस्पताल, महाराजगन्ज काठमाडौं

क.	ओपीडी दुई सिफ्टमा सञ्चालन गर्ने तयारी।
ख.	विस्तारित अस्पताल सेवा लागू गर्ने प्रक्रिया अघि बढाइएको।
ग.	चिकित्सक राउन्ड, बिरामी भर्ना, डिस्चार्ज समय व्यवस्थापन, ३ बेड PICU थप, ३ NICU बेड र २० अब्जरवेसन बेड थप गरिने।
घ.	२ अपरेशन थिएटर चालु, १ मोडुलर अपरेशन थिएटर स्थापनाको लागि प्रक्रिया अघि बढाइएको।
ङ.	स्वास्थ्य बीमा मार्फत् प्राप्त हुने ८० प्रतिशत औषधि उपलब्ध, शतप्रतिशतका लागि प्रक्रिया अघि बढाइएको।
च.	टिकट काउन्टर संख्या थप, अनलाइन टिकट र विद्युतीय भुक्तानी प्रणाली सुचारु।
छ.	भीड व्यवस्थापनका लागि टोकन प्रणाली थप व्यवस्थित।
ज.	सेवाग्राहीको सुविधा लागि विभागीय प्रमुखलाई सिफारिस, छुट, बिदा स्वीकृति अधिकार प्रत्यायोजन।
झ.	सेवा विवरण, अधिकारीहरुको जानकारीसहित नागरिक बडापत्र टाँस, स्वयंसेवक परिचालन, NAVIGATOR MAP व्यवस्थापन।






# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान (पाटन अस्पताल), ललितपुर



क. भीड व्यवस्थापनका लागि GENERAL र PAYING CLINIC प्रणाली थप व्यवस्थित।

ख. विस्तारित सेवा प्रवाहका लागि पीपीपी सेवा थप व्यवस्थित।

ग. चिकित्सक राउन्ड, बिरामी भर्ना, डिस्चार्ज समय व्यवस्थापन, डिजिटल बिलिङ भाद्र १ देखि लागु गर्ने।

घ. बिदाको दिनमा समेत ओपीडी एवं शल्यक्रिया सेवा सञ्चालन।

ङ. बीमित सेवाग्राहीको औषधि वितरण व्यवस्थित।

च. ONLINE BOOKING प्रणाली सुविधा नियमित गर्न प्रक्रिया अघि बढाइएको।

छ. उपचार सल्लाह, सुझाव, परामर्शका लागि वार्ड सुपरभाइजर, विभागीय प्रमुख, इन्चार्ज व्यवस्थापन।

ज. प्रत्येक तल्लामा सेवा जानकारी बोर्ड, डिजिटल नागरिक बडापत्र सुचारु।

झ. सोधपुछ, सहायता कक्ष, गुनासो सुन्ने, पिउने पानी, शौचालय व्यावस्थापनमा थप व्यावस्थापन गरी सुधार।



# वी. पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, चितवन




क. ओ पी डी बिहान ९:०० बजेदेखि ४:३० बजेसम्म। एउटा ओपीडी टिकट काउन्टर थप गरीएको।
ख. टोकन प्रणाली पनि जडान।
ग. विस्तारित स्वास्थ्य सेवा (EXTENDED HEALTH SERVICE) थप सुधारगरी कार्यान्वयनमा लैजाने।
घ. बिरामीलाई बेड भर्ना गर्नको लागि ४५० शय्या रहेकोमा ५० शय्या थप गर्ने।
ङ. डाक्टर, नर्स तथा स्वास्थ्यकर्मीहरूलाई दुई सिफ्टमा विभाजन गरी दैनिक ओपीडी र शल्यक्रिया सेवा उपलब्ध।
च. स्वास्थ्य बीमामार्फत उपलब्ध हुने औषधिहरू अस्पतालमा हाल पर्याप्त।
छ. फार्मेसीमा TOKEN DISPENSER MACHINE को व्यवस्था।
ज. टिकटमा टोकन प्रणालीको व्यवस्था, , BPKMCH APPS मार्फत ONLINE TICKET, भुक्तानीको लागि QR SCAN सेवा।
झ. अस्पताल प्रमुखलाई पर्खनुपर्ने वाध्यता हटाउन सम्बन्धित कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्ने।
ञ. DIGITAL HOARDING BOARD मै अस्पतालबाट उपलब्ध हुने सेवालाई स्पष्ट रुपमा राखिएको, नागरीको वडापत्रको व्यवस्था।
ट. सोधपुछ कक्ष, गुनासो पेटिका र नागरीक सहायता कक्षको व्यवस्था।
ठ.  शौचालयको सफाइमा सुधार।
ड. FILTRATION TECHNOLOGY बाट FILTRATION गरी नि:शुल्क पिउने पानी नियमित रुपमा उपलब्ध।



# सुशील कोइराला प्रखर क्यान्सर अस्पताल, खजुरा बाँके




क. ओपीडी सेवा बिहान ९:00 बजेदेखि ३:00 बजेसम्म।

ख. सार्वजनिक बिदाका दिनबाहेक हरेक दिन ओपीडी र आपतकालीन सेवा, विशेषज्ञले अपरेसन सेवा।

ग. क्यान्सर औषधि पर्याप्त मौज्दातमा उपलब्ध।

घ. वेबसाइटमार्फत् अनलाइन अपोइन्टमेन्ट र रिपोर्ट वितरण।

ङ. विपन्न शाखा र स्वास्थ्य बीमाका लागि सेवा विभागलाई अधिकार दिइएको।

च. हेल्प डेस्कबाट सेवा तथा समय, शुल्क र स्थानको जानकारी दिई भिड व्यवस्थापन।

छ. गुनासो पेटिका राखिएको र नियमित रूपमा गुनासो व्यवस्थापन।

ज. ओपीडी भवनमा फिल्टर मेसिन सहितको चिसो/तातो पानी पिउने व्यवस्था।



## जी पी कोइराला राष्ट्रिय स्वासप्रस्वास उपचार केन्द्र, दुलेगौंडा तनहुँ




**क.** ओपीडी ८:०० देखि ५:०० बजेसम्म सञ्चालन।

**ख.** शय्या र अप्रेसनका लागि प्रतीक्षा गर्ने समस्या समाधान।

**ग.** बीमाका सबै प्रकारका औषधि उपलब्ध।

**घ.** दैनिक २५०-३०० सेवाग्राहीको व्यवस्थापन, ३ टिकट काउन्टर, अनलाइन टिकेटिङ, ATM व्यवस्थापन र QR-CODE भुक्तानी।

**ङ.** NAVIGATOR MAP राखिएको।

**च.** सोधपुछ, सहायता कक्ष, गुनासो सुन्ने व्यवस्था।



# डडेलधुरा अस्पताल, डडेलधुरा



क. ओपीडी सेवा बिहान ८:00 देखि साँझ ६:00 बजेसम्म।
ख. विस्तारित अस्पताल सेवा सञ्चालन।
ग. चिकित्सक राउण्ड, बिरामी भर्ना, डिस्चार्ज समय व्यवस्थापन।
घ. नयाँ भवनमार्फत ओपीडी र शल्यक्रिया सेवा सञ्चालन।
ङ. स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत औषधिको पर्याप्त व्यवस्था।
च. भिड व्यवस्थापनका लागि थप काउन्टर, अनलाइन टिकट, समय व्यवस्थापन, विद्युतीय भुक्तानी प्रणालीको कार्यान्वयन।



# चि.वि.रा.प्र., वीर अस्पताल, काठमाडौं



क.	ओपीडी सेवा दुई सिफ्टमा, जनशक्ति थप्दै अझ सुधार गर्ने।

ख.	२०८१ साउन १३ गते देखि EHS सेवा लागू।

ग. तीन स्थानमा फार्मेसी, थप स्थानमा बृहत फार्मेसी योजना।

घ.	खाजा समयमा समेत टिकट काउन्टर खुला राखी सेवा।

ङ.	अधिकारको प्रत्यायोजन।

च.	सोधपुछ/सहायता कक्ष, गुनासो सुनुवाइ, पानी र शौचालयको सफाइमा सुधार।



## आयुर्वेद चिकित्सालय (नरदेवी अस्पताल) काठमाडौं




**क.	ओपीडी र काउन्टर सेवा बिहान ८:३० देखि २:०० र बेलुका २:३० देखि ५:०० सम्म।**

**ख.	विस्तारित स्वास्थ्य सेवा कार्यक्रम लागु गर्ने तयारी।**

**ग.	चिकित्सक राउन्ड, बिरामी भर्ना, डिस्चार्ज सेवा सुधार।**

**घ.	टोकन र विद्युतीय भुक्तानी प्रणालीलाई अझ प्रभावकारी बनाइएको।**

**ङ.	सेवाग्राही जानकारीका लागि सोधपुछ कक्ष र NAVIGATOR MAP**

**च.	पिउने पानीको उचित व्यवस्थापन, नागरिक बडापत्र, गुनासो/सुझाव पेटिका, विशेष छुटको व्यवस्था।**





सरकारी अस्पतालमा सेवा लिन जाँदा लामो लाइनमा बस्नु परेको, अलमलिनु परेको र झन्झटिलो भएको भन्ने आमनागरिकको गुनासो स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी सम्हाल्नुअघि नै सुनेको  र देखेको  कुरा हो । त्यसैले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि आम नागरिकले स्वास्थ्य सेवा लिँदा बेहोर्ने समस्या समाधानको प्रयासबाट सुरुवात गरौं भन्ने भावनाबाट प्रेरित भएर अघि बढेका हौं ।

स्वास्थ्य प्रणाली नै बसाउनुपर्ने अवस्थामा यो हाम्रो एउटा सानो सुरुवात हो । आमनागरिकको पहुँचमा स्वास्थ्य सेवा पुर्‍याउने कार्यमा सदा कटिबद्ध छौं । यस कार्यमा यहाँहरू सबैको साथ र सहयोगको अपेक्षा गरेका छौं ।

**मा. मन्त्रीज्यूको सचिवालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

# धन्यवाद







मा. मन्त्रीज्यूको सचिवालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय